REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs     Date:19.11.2025

---

*काबी, मंगनमा पीएम विश्वकर्माबारे एक दिने जागरूकता कार्यक्रम*

भारत सरकारको सूक्ष्म, साना तथा मझौला उद्यम मन्त्रालयको गान्तोकस्थित एमएसएमई विकास तथा सहजीकरण कार्यालयले जिल्लापाल, मंगनको कार्यालयसँगको सहाकार्यमा सिक्किमको मंगन जिल्लाको काबीस्थित ब्लक प्रशासनिक केन्द्रमा आज प्रधानमन्त्री विश्वकर्माको बारेमा एक दिने जागरूकता कार्यक्रम सफलतापूर्वक आयोजना गऱ्यो।

यस कार्यक्रमको उद्देश्य ग्रामीण कारीगर, परम्परागत शिल्पकार र सूक्ष्म उद्यमीहरूमा पीएम विश्वकर्मा योजना अन्तर्गत उपलब्ध फाइदाहरू, प्रक्रियाहरू र अवसरहरू, साथै एमएसएमई योजनाहरू र सहायता तंत्हरूको बारेमा व्यापक जागरूकता सिर्जना गर्नु थियो।

---

*सिक्किम मानसिक स्वास्थ्य र आत्महत्या रोकथाम*

सिक्किम इन्स्पायर्सले स्वास्थ्य तथा परिवार कल्याण विभाग, मानसिक स्वास्थ्य कानून तथा नीति केन्द्र र भारतीय कानून समाज पुणेसँगको निकट सहकार्यमा सिक्किम एकीकृत मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम रणनीति 2025-2030 शीर्षको ऐतिहासिक दस्तावेज पूरा गरेको छ। यो देशमा आफ्नो प्रकारको पहिलो पहल हो।

अनुसन्धानमा आधारित र प्रमाण- आधारित अभ्यासहरूद्वारा निर्देशित यो रणनीति 16 मैं 2025 मा सिक्किमका राज्यपाल ओम प्रकाश माथुर र मुख्यमन्त्री प्रेम सिंह तामाङद्वारा राज्य दिवस समारोहको क्रममा जारी गरिएको थियो। यसको विमोचनले मानसिक कल्याणको लागि मानवीय र विज्ञान- संचालित दृष्टिकोणप्रति राज्यको गहिरो प्रतिहबद्धता दर्शाउँछ।

---

*जिल्ला अदालत परिसर, मंगनमा कर्मचारी आवासको शिलान्यास समारोह*

जिल्ला तथा सत्र अदालत, मंगनको आज जिल्ला अदालत परिसर, मंगनमा बन्ने कर्मचारी आवासको शिलान्यास समारोह आयोजना गऱ्यो, जुन मंगन जिल्लामा न्यायिक पूर्वाधार सुदृढीकरण गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। शिलान्यासको औपचारिक कार्यक्रम सिक्किम उच्च अदालतका मुख्य न्यायाधीश न्यायमूर्ति विश्वनाथ सोमाद्दरले गरेका थिए, जसले समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाएका थिए।

---

*पाकिममा सहकारी सप्ताह मनाइँदै*

सहकारिताहरू आत्मनिर्भर भारतका लागि साधन भन्ने राष्ट्रिय विषयवस्तु र पर्यटन, स्वास्थ्य, हरित ऊर्जा, प्लेटफर्म सहकारी, भान्सा सहकारी र अन्य सम्भावित क्षेत्रहरू जस्ता उद्यीमान क्षेत्रहरूमा सहकारीको विस्तारमा केन्द्रित उप- विषयवस्तु अन्तर्गत पाकिम जिल्लामा आज 72 औं, अखिल भारतीय सहकारी सप्ताह मनाइयो।

यो कार्यक्रम सिक्किम राज्य सहकारी संघ ले पाकिमको सहकारी विभागसँगको सहकार्यमा संयुक्त रूपमा आयोजना गरेको थियो।

---

*बेटी बचाओ बेटी पढ़ाओ: मंगन*

बेटी बचाओ बेटी पढ़ाओ पहल अन्तर्गत आज फेन्साङ माध्यमिक विद्यालय, मंगनमा जागरूकता- सह संवेदनशीलता कार्यक्रम सफलतापूर्वक सञ्चालन गरियो।

कार्यक्रमको उद्देश्य, बालबालिका र किशोरकिशरीहरूलाई असर गर्ने बाल अधिकार, बाल संरक्षण संयन्त्र, कल्याणकारी योजनाहरू र विभिन्न सामाजिक मुद्दाहरूको बारेमा विद्यार्थीहरूलाई शिक्षित गर्नु थियो।

---

*गभर्नर गोल्ड कप 19 नोभेम्बर*

सिक्किम ड्र्यागन्स फुटबल क्लबले, पाल्जोर स्टेडियममा जारी 51 औं अखिल भारतीय गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 को क्वार्टरफाइनल चरणमा प्रवेश गरेको छ। 11 औं मिनेटमा उत्तम राईले मणिपुरको नेओरा फुटबल क्लबलाई 2-0 गोलले पराजित गर्दै सिक्किम ड्र्यागन्सका लागि सुरूवाती अग्रता लिए। दोस्रो टोलीको लागि 2-0 को जित सुनिश्चित गरे। टोलीका लागि महत्वपूर्ण गोल गरेकोमा उनलाई म्यान अफ द म्याच प्रदान गरियो।

सर्भिसेज फुटबल टोलीले भोलि तेस्रो प्रि- क्वार्टरफाइनल खेलमा आई- लिग टोली, सुदेवा दिल्ली फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

---

*नाम्ची जिल्लामा NAPS कार्यशाला*

राष्ट्रिय प्रशिक्षार्थी पदोन्नति योजना अन्तर्गत विशेष पाइलट पहल सम्बन्धी जागरूकता कार्यशाला, सिक्किम सरकारको सीप विकास विभाग, नियुक्ति केन्द्रद्वारा आज नाम्ची जिल्लाको कम्प्युटर तथा सञ्चार प्रविधि केन्द्र मा आयोजना गरिएको थियो।

2016 मा सीप विकास तथा उद्यमशीलता मन्त्रालय द्वारा सुरू गरिएको यो योजना प्रशिक्षार्थी ऐन, 1961 को रूपरेखा अन्तर्गत सञ्चालन हुन्छ, जसको उद्देश्य प्रशिक्षार्थीहरूलाई संलग्न गराउन प्रतिष्ठानहरूलाई वित्तीय प्रोत्साहन प्रदान गरेर र छात्रवृत्ति सहयोग प्रदान गरेर प्रशिक्षार्थीलाई बढ़ावा दिनु हो।

---